बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,

धादिङबेसी, धादिङ।

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित: मिति २०८०/०८/११ गते

सूचना नं.-३

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङ को आ.व २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम सञ्चालनको लागि इच्छुक यस जिल्ला भित्रका आर्थिक हिसाबले विपन्न एवंम अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवंम पिछडिएका जातजातिहरु एवंम उनीहरुबाट गठित कृषक समूह, सहकारी र निजी पशुपन्छी फार्महरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८०/०९/०१ गते) भित्र यस विज्ञ केन्द्रमा तोकिएको ढाँचामा आवेदनसहित तपशिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन दर्ता गर्नुहुन आह्वान गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौट प्रक्रियामा समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रति साझेदार बजेट रु. | स्वीकृत कार्यविधि |
|---|---|---|---|---|---|
| १. | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | संख्या | २० | कुल लागतको ८० प्रतिशतले बढीमा रु. १ लाख | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० |

संलग्न गर्नुपर्ने कागजात

१. रु. १०/- को हुलाक टिकट टाँस गरेको अनुसुची-३ अनुसारको आवेदन,
२. अनुसूची-४ अनुसारको प्रतिवद्धता पत्र
३. संस्था दर्ता/नविकरण प्रमाणपत्र, गत आ.व.को कर चुक्ता र PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि,
४. व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि,
५. आर्थिक रुपले विपन्न तथा अल्पसंख्याक/सिमान्तकृत/दलित/पिछडिएका जातिहरु खुल्ने परिचयपत्रको प्रतिलिपि वा सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानीय तह/वडाको सिफारिस,
६. निवेदक पुर्ण वा आंशिक रुपमा पशुपालन पेशामा आवद्ध भएको र कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको/नहुने व्यहोरा सहित सम्वन्धित स्थानिय तहको आधिकारिक सिफारिस पत्र,
७. कार्यक्रम संचालन गरिने स्थानको जग्गाको स्वामित्व देखिने प्रमाणपत्र वा जग्गा भाडाको भए ५ वर्षको करार सम्झौता पत्र
८. अनुसूची-१ मा उल्लेखित पशुपन्छी तथा मत्स्य सम्बन्धी व्यवसायमा प्रस्ताव पेश गर्नुपर्ने ।

नोट: कार्यक्रम सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी र सम्पर्क नं ०१०-५२०९६३ मा सम्पर्क गरी साथै "खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेबसाईट https://molmac.bagamati.gov.np/ बाट डाउनलोड गरी विस्तृत जानकारी लिन सकिनेछ।

कार्यालय प्रमुख



Scanned with CamScanner